# नेपाल राष्ट्र बैंक,
# राष्ट्र ऋण व्यवस्थापन विभाग

**"राष्ट्रिय बचतपत्र २०७२ बिक्री गर्ने कार्यविधि"**

(१) दरखास्त फाराम:

बै.फा. रा.ऋ. रा.ब.प.१ नं. दरखास्त फाराम दुई प्रति बचतकर्तालाई भर्न लगाई एक प्रति सम्बन्धित कार्यालयमा र एक प्रति अन्य कागजात सहित राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्नेछ । दरखास्त फाराममा बचतपत्र खरिद गर्न चाहेको रकम अङ्क र अक्षरमा स्पष्ट लेखी बचतपत्रको ब्याजदरको प्रतिशत, "राष्ट्रिय बचतपत्र २०७२ (५-वर्षे)" उल्लेख गर्नु पर्नेछ । अन्य विवरणहरु अन्तर्गत किसिम महलमा प्रमिशरी नोट वा स्टक खुलाई दर, थान र जम्मा मूल्य उल्लेख गर्नु पर्नेछ । बचतपत्र खरिद गर्ने व्यक्तिले दरखास्त फाराममा नाम देवनागरी र अंग्रेजीमा उल्लेख गरी, पत्राचार गर्ने ठेगाना, टेलिफोन नं., नेपाली नागरिकताको प्रमाणपत्रको नम्बर र लिएको जिल्ला खुलाई अनिवार्य रुपमा दस्तखत गरी दरखास्त फाराम साथ नागरिकता नम्बर र नागरिकता लिएको जिल्ला प्रष्ट बुझिने नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ । बिक्रीका लागि छुट्याइएको पुरै रकम विक्री नभई अन्य संस्थाहरुका लागि बिक्री खुला गरिएको अवस्थामा बचतपत्र खरिद गर्न ईच्छुक संस्थाहरुले निवेदनसाथ संस्था दर्ताको प्रमाणपत्र , स्थायी लेखा नम्बर, बचतपत्र खरिद गर्ने सम्वन्धमा संचालक समितिबाट भएको निर्णयको प्रतिलिपिहरु सहित अख्तियार प्राप्त दुई जना कर्मचारीहरुले दस्तखत गरी संस्थाको छाप सहितको दरखास्त फारम पेश गर्नुपर्नेछ । साथै, दरखास्त फाराममा उल्लेख गरिएको "दरखास्त बुझिलिने कार्यालयले भर्ने" भन्ने ठाउँमा दरखास्त बुझ्ने कार्यालयको नाम, स्थान र मिति लेखी कार्यालयको छाप लगाई कार्यालयमा दाखिला भएको रकम अङ्क र अक्षरमा लेखी उक्त रकम यस बैंकको बैंकिङ्ग कार्यालयस्थित सम्बन्धित बचतपत्र हिसावमा जम्मा भएको व्यहोरा सम्बन्धित अधिकृतबाट प्रमाणित भएको हुनु पर्नेछ ।

(२) दुई व्यक्ति वा नाबालकको नाममा बचतपत्र खरिद:

दुई व्यक्तिले संयुक्त नाममा पनि बचतपत्र खरिद गर्न सक्नेछन् । यसरी दुई व्यक्तिले बचतपत्र खरिद गर्दा दुई नामको बीचमा "र" अथवा "वा" राखी खरिद गर्न सकिने छ । दुई जनाले "र" बाट बचतपत्र खरिद गर्दा दुवै व्यक्तिले संयुक्त रुपमा मात्र उक्त बचतपत्रको कारोवार गर्न सक्नेछन् भने "वा" बाट बचतपत्र खरिद गर्दा दुई जनामध्ये एक जना व्यक्तिले मात्र पनि बचतपत्रको कारोवार गर्न सक्नेछ । यसरी दुई व्यक्तिले बचतपत्र खरिद गर्दा दरखास्त फाराममा दुवै जनाको दस्तखत र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । नाबालकको तर्फबाट संरक्षकले बचतपत्र खरिद गर्न सक्नेछ । यसरी बचतपत्र खरिद गर्दा नाबालकको नाम र जन्म मिति खुलेको जन्मदर्ता प्रमाणपत्र र त्यस्तो नाबालकको आमा, बाबु वा संरक्षकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै, दरखास्त फाराममा संरक्षकले हस्ताक्षर गरेको हुनु पर्नेछ । नाबालकको हकमा आमा वा बाबु नभएको अवस्थामा अन्य व्यक्ति संरक्षक बस्न चाहेमा स्थानीय निकायको सिफारिशमा जिल्ला प्रशासन कार्यालयले त्यस्तो नाबालक व्यक्तिको निज संरक्षक भएको व्यहोरा प्रमाणित गरिदिएको पत्रको आधारमा अन्य व्यक्ति संरक्षक हुन सक्नेछ ।

(३) लेखपढ गर्न नजान्ने व्यक्तिले बचतपत्र खरिद गर्न सक्ने:

लेखपढ गर्न नजान्ने व्यक्तिले बचतपत्र खरिद गर्न चाहेमा दरखास्त फाराममा अन्य कुराको अतिरिक्त

नवेदन साथ एक प्रति फोटो र प्रत्येक थान बचतपत्रको लागि एक/एक प्रति थप फोटो पेश गर्नुपर्नेछ । दस्तखत महलमा दुवै हातको बुढी औंलाको छाप स्पष्ट लगाउनु पर्नेछ । यस्ता आवेदकहरुलाई स्टकको रुपमा मात्रै प्रमाणपत्र उपलब्ध गराइने छ ।

(४) भौचर भर्ने विधि:

यस विभागबाट उपलब्ध गराइएको तीन प्रति भौचरमा रकम जम्मा गरेको मिति, रकम जम्मा गरेको कार्यालयको नाम, स्थान र बचतपत्रको सिरिज उल्लेख गर्नु पर्नेछ । नेपाल राष्ट्र बैंकको उपत्यका बाहिरका कार्यालयमा रकम जम्मा गर्दा सोही कार्यालयको नाम लेखी सो रकम सा.हि.नं.५ मा जम्मा गरेको हुनु पर्नेछ । भौचरमा रकम अङ्क र अक्षरमा उल्लेख गरी दरखास्तवालाको नाम र निजको ठेगाना उल्लेख गर्नु पर्नेछ । यदि दुई जना वा नाबालकको नाममा बचतपत्र खरिद गर्ने भएमा भौचरमा दुबैको नाम ( फाराममा उल्लेख भए अनुसार ) र नाबालकको हकमा संरक्षकको नाम समेत उल्लेख गर्नु पर्नेछ । तीन प्रति भौचरमध्ये १ नं. दरखास्तवालालाई दिने, २ नं. रकम जम्मा गर्ने बैंक कार्यालयमा राख्ने र ३ नं. दरखास्त सहित यस विभागमा पठाउनु पर्नेछ । सम्बन्धित धनीलाई बचतपत्रको प्रमाणपत्र रकम दाखिला गरेको १ नं. भौचर बुझाए पछि मात्र उपलब्ध गराईने हुंदा त्यस्तो भौचर सुरक्षितसाथ राख्न सम्बन्धित खरिदकर्तालाई जानकारी गराउनु पर्नेछ । बजार निर्माता मार्फत रकम जम्मा गर्दा बजार निर्माताले ग्राहकलाई आफ्नै रसिद मार्फत रकम जम्मा गरेको भरपाई दिई सोही दिन सो रकम नेपाल राष्ट्र बैंकको सम्बन्धित बचतपत्र हिसाब (विवरण सहित)मा एकमुष्ट जम्मा गर्न सक्नेछन् । यसरी रकम जम्मा गर्दा अनिवार्य रुपमा सोही दिन नै नेपाल राष्ट्र बैंकको सम्बन्धित बचतपत्र खातामा जम्मा गरी सो को जानकारी राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ ।

(५) ऋणपत्र किसिम र खरिद सीमा:

दरखास्त फारममा उल्लेख भएको बचतपत्रको किसिम (प्रमिशरी नोट । स्टक) अनुसार प्रमाणपत्र दिइनेछ । यसरी किसिम पुरा नखुलाएको भएमा बचतकर्ताको नाममा प्रमिशरी नोटको प्रमाणपत्र बनाईनेछ । बचतपत्र घटीमा एक हजार रुपैयां र बढीमा सर्वसाधारणका लागि छुट्याईएको रकम ( रु. १ अर्व) को सीमामा नवढाई र संस्थाहरुका लागि घटीमा रु. एकहजार रुपैयां र बढीमा संस्थाहरुका लागि छुट्याईएको रकम ( रु. ३ अर्व) को सीमामा नवढाई खरिद गर्न सकिनेछ ।

(६) कारोवारको जानकारी दैनिक रुपमा दिनु पर्ने:

यस बैंकका उपत्यका बाहिरका कार्यालय, बाणिज्य बैंक र बजार निर्माता मार्फत बिक्री भएको बचतपत्रको कारोवारको विवरण सोही दिन बैंकिङ्ग समयपछि राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ । उपत्यका भित्रका बजार निर्माताले बचतपत्रको कारोवार विवरण, रकम जम्मा गरेको भौचर र रितपूर्वकका निवेदन फाराम बैंकिङ्ग समयपछि अनिवार्य रुपमा सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागमा बुझाउनु पर्नेछ । उपत्यका बाहिरका बजार निर्माता तथा वाणिज्य बैंकहरुबाट बचतपत्र बिक्री हुँदा कति रकमको बचतपत्र कुन कुन व्यक्तिलाई कति दर र थान बिक्री भयो सो विवरण खोली बिक्री भएको रकम नजिकको नेपाल राष्ट्र बैंकको कार्यालयमा दाखिला गर्न सकिनेछ । नेपाल राष्ट्र बैंकको कार्यालय नजिक नरहेका उपत्यका वाहिरका बजार निर्माता वा बाणिज्य बैंकहरुको हकमा सम्वन्धित बैंक वा बजार निर्माताको काठमाण्डौस्थित केन्द्रिय वा सम्पर्क कार्यालयमार्फत कार्यालय समयभित्र नेपाल राष्ट्र बैंक, काठमाण्डौ बैंकिंग कार्यालयमा रकम दाखिला गर्न सकिनेछ । यस प्रकार बिक्री भएको बचतपत्रको रकमको जानकारी यस बैंकको जिल्लास्थित कार्यालयहरु मार्फत वा सम्वन्धित बैंक वा बजार निर्माताहरुको काठमाण्डौस्थित कार्यालयहरु मार्फत सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागलाई फ्याक्स वा अन्य छिटो माध्यमबाट अनिवार्य रुपमा दिनु पर्नेछ ।

बचतपत्र विक्री खुला भएको अवधिभित्र कुनै दिन बचतपत्र विक्री नभएको अवस्थामा पनि सोही बमोजिमको जानकारी अनिवार्य रुपले दिनु पर्नेछ ।

(७) फाराम तथा भौचर छिटो साधनबाट पठाउनु पर्नेः

उपत्यका बाहिरका यस बैंकका जिल्लास्थित कार्यालयहरु लगायत इजाजत प्राप्त बाणिज्य बैंकहरु र बजार निर्माताहरुले बचतपत्र बिक्री गरेपछि सो को रितपूर्वकका निवेदन फाराम, दरखास्त साथ पेश हुन आएका अन्य प्रतिलिपि कागजातहरु तथा रकम जम्मा गरिएका भौचरहरु छिटो तथा सुरक्षित साधनबाट राष्ट्र ऋण व्यवस्थापन विभागमा यथासिघ्र पठाउनु पर्नेछ ।

(८) राष्ट्रिय बचतपत्र बिक्री गर्ने अधिकारः

यो बचतपत्र सर्वसाधारण नेपाली नागरिकहरुका लागि उपत्यकाभित्र इजाजत प्राप्त बजार निर्माताहरु मार्फत र उपत्यका बाहिर यस बैंकका कार्यालयहरु, बजार निर्माताहरु तथा इजाजत प्राप्त बाणिज्य बैंकका शाखाहरु मार्फत बिक्री गर्न सकिनेछ । तर, बिक्रीका लागि छुट्याइएको पुरै रकम विक्री नभई अन्य संस्थाहरुले खरिद गर्न सकिने अवस्थामा खरिदकर्ता संस्थाहरुले नियमानुसार दरखास्त तथा भौचर भरी काठमाण्डौ उपत्यकाभित्र बैंकिंग कार्यालयमार्फत तथा उपत्यका वाहिर यस बैंकका जिल्लास्थित कार्यालयहरुमार्फत मात्र रकम जम्मा गर्न सक्ने छन् ।

(९) भौचर तथा फारामः

उपत्यकाका बजार निर्माताहरुले भौचर तथा दरखास्त फाराम राष्ट्र ऋण व्यवस्थापन विभागबाट लिन सक्नेछन् भने उपत्यका बाहिरका बजार निर्माता तथा वाणिज्य बैंकले नजिकको यस बैंकको कार्यालयबाट प्राप्त गर्न सक्नेछन् । साथै दरखास्त फाराम यस बैंकको वेवसाइट www.nrb.org.np अन्तर्गत Poblic debt को **Application Forms** अन्तर्गत **National saving bond Application Forms** बाट Download गरी प्रयोगमा ल्याउन सकिने छ ।

(१०) रकम बाँडफाँडः

राष्ट्र ऋण व्यवस्थापन विभागमा प्राप्त भएका निवेदनहरु छानविन गरी रीतपूर्वक भरिएका निवेदनका निवेदकहरुको नाममा मात्र बचतपत्र निष्कासन गरिनेछ । रीतपूर्वक प्राप्त नभएका निवेदन अस्वीकृत गर्न सकिनेछ । बाँडफाँडमा स्वीकृत नभएको रकम र रीतपूर्वक प्राप्त नभएका निवेदकहरुको जम्मा भएको रकम बिक्री कार्यमा संलग्न निकायहरुबाट यस विभागमा सक्कल आवेदन प्राप्त भएको मितिले १५ दिनभित्र सम्बन्धित पक्षलाई विना व्याज फिर्ता गरिनेछ । बचतपत्रको बाँडफाँड सम्बन्धी सम्पूर्ण अधिकार खुला बजार संचालन समितिमा रहनेछ ।

(११) रकम ट्रान्सफर गर्नेः

राष्ट्रिय बचतपत्रको लागि दरखास्त सहित दाखिला हुन आएको नगद भए सोही दिन र चेक र ड्राफ्टको रकम भए कलेक्सन भई आएपछि तीन प्रति भौचर भराई सो रकम नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयस्थित “राष्ट्रिय बचतपत्र २०७२” हिसाबमा जम्मा हुने गरी देहाय बमोजिम रकम ट्रान्सफर गर्ने तथा सो को जानकारी राष्ट्र ऋण व्यवस्थापन विभागलाई समेत दैनिक रुपमा दिनु पर्नेछ ।

(क) उपत्यका बाहिरका वाणिज्य बैंक वा इजाजतप्राप्त बजार निर्माताहरुले उपरोक्त रकम उक्त खातामा जम्मा हुने गरी नजिकको यस बैंकको कार्यालय वा आफ्नो काठमाण्डौस्थित केन्द्रीय कार्यालय वा काठमाडौंको बैंकिङ्ग कारोवार गर्ने कार्यालय मार्फत ट्रान्सफर गर्नु पर्नेछ ।

(ख) नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरुले नेपाल राष्ट्र बैंक सामान्य हिसाब नम्बर ५ मा जम्मा गरी त्यसको एक प्रति सेड्युयल ( विवरण ) नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालयमा पठाउने र सो को जानकारी फ्याक्सबाट सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागलाई दिनु पर्नेछ ।

(ग) उपत्यका भित्रका बैंक तथा ईजाजतप्राप्त बजार निर्माताहरुले बैंकिङ्ग कार्यालय, थापाथलीमा खोलिएको बचतपत्र हिसावमा कारोवार समयभित्र नगद वा नेपाल राष्ट्र बैंकबाट उपलब्ध गराइएको भुक्तानी आदेशबाट रकम ट्रान्सफ गर्नु पर्नेछ ।

(१२) बिक्री खुला गरिने अवधिः

“राष्ट्रिय बचतपत्र २०७२” सर्वसाधारण नेपाली नागरिकहरु तथा यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्था वाहेकका अन्य संस्थाहरुले खरिद गर्न पाउने गरी मिति २०६७।९।२६ देखि मिति २०६७।१०।२ गतेसम्म बिक्री खुला रहनेछ । साथै, सर्वसाधारणका लागि छुट्याइएको पुरै रकम बिक्री नभएमा बांकी रहेको रकम खरिदका लागि संस्थाहरुले मिति २०६७।१०।३ र ४ गते समेत आवेदन गर्न पाउनेछन् ।

(१३) बिक्री बन्दको सूचनाः

बिक्री खुला रहने अन्तिम मिति भन्दा अगावै सम्पूर्ण रकम बिक्री भएमा बिक्री बन्दको सूचना प्रकाशित गरिने छ । बिक्री बन्दको सूचना गर्नासाथै यो बचतपत्र बिक्री कार्यमा संलग्न सबैले सोही सूचनालाई आधार मानी बिक्री बन्द गर्नु पर्नेछ । साथै बजार निर्माता, उपत्यका बाहिरका यस बैंकका कार्यालय र वाणिज्य बैंकले बिक्री बन्द भएको मितिसम्मको प्रत्येक दिनको बचतपत्रको बिक्री विवरण एकमुष्ट रुपमा सोही दिन राष्ट्र ऋण व्यवस्थापन विभागलाई फ्याक्स वा छिटो माध्यम मार्फत जानकारी दिनु पर्नेछ ।

(१४) प्रमाणपत्र तथा व्याज भुक्तानी पूर्जाः

बचतपत्र खरिद गर्ने ग्राहकहरुको नाममा निष्कासन हुने बचतपत्र र व्याज भुक्तानी पूर्जा तयार भएपछि बचतपत्र बिक्री गर्ने कार्यालयमार्फत सम्बन्धित पक्षलाई उपलब्ध गराइनेछ । प्रमाणपत्र वितरण सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिका मार्फत सूचित गरिनेछ ।

(१५) **राष्ट्रिय बचतपत्र २०७२** को निष्कासन तथा बिक्री सम्बन्धी अन्य प्रकृयाको सम्बन्धमा खुला बजार संचालन समितिबाट तोकिए बमोजिम हुनेछ ।